# अर्थमन्त्रालयको जूटको मोल किटान गर्ने सूचना

सयकडीको हिसावले जूटको महसूल लिन मोल किटान गर्ने हकमा १५।१५ ( पन्ध्रह पन्ध्रह ) दिनको पटक गरी बजार अड्डाले बजार अड्डाका साक्षी राखी ४ ( चार ) महाजन बुझी मुचुल्का गराई गोस्वारामा रिपोर्ट गर्नू , गोस्वाराले सो मुचुल्कामा लेखेको दर ठीक ठहरे १५ ( पन्ध्रह ) दिनसम्मलाई सोही कायम गर्ने निकासा गरी दिने र बजारले सो निकासा बमोजिमका दरले मोल कायम गरी महसूल लिने गर्नू भनी गैरह बजार गोस्वाराहरूलाई लेखी गएको छ।

## सूचना:—

सुन्दरीजल मेगजीनबाट छापी आएको दुइपैसे पैसा निम्नलिखित हिसावबाट सटही गरिदिने सदर मुलुकीखानालाई आदेश भइगएकोले विभिन्न अड्डाहरूमा र सर्वसाधारणमा ज्ञातहोस् भन्ना निमित्त यो सूचना प्रकाश गरिएको छ।

१- जङ्गीवाली ललब र निजामती बालितलबबाट तलब बाँड्दा अड्डाहरू र पल्टनिया पट्टी पट्टीहरूलाई थोरवहुत सबैलाई पर्ने गरी बाइन ७।७ दिनमा मुलुकीखाना दाखिला भएको पैसाका ८ खण्डको दुई खण्ड सटहीगरी दिने ।

२--अरू दामकाम असूल तहसिल गर्ने अड्डाहरू जस्तो सैनिक द्रव्यकोष, बिजुली, भन्सार माल, गुठी, इत्यादि अड्डाहरूलाई चाहिने भई साटन पठाएमा मैन्हा १ को रु. ५०। मा नबढाई सटही गरीदिने ।

३--बाँकी ५ खण्डको आधा काठमाडौंको जनतालाई र आधाको बराबर गरी भक्तपुर र पाटनको जनतालाई टोल रक्षासंघको निस्सालिई आउने व्यक्तिलाई जनही मोरु २। मा नबढाई सटही गरीदिने।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।